विष्फोटक पदार्थसम्बन्धी कसुरमा श्रम संस्कृति पार्टीका उपाध्यक्ष पक्राउ

■ सौर्य समाचार

काठमाडौं । विष्फोटक पदार्थसम्बन्धी कसुरका प्रतिवादी देवराज लामा भनिने राजकुमार तामाङ लामालाई मंगलबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले पक्राउ गरेको छ। धरान उपमहानगरपालिकाका मेयर हर्कर साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीका उपाध्यक्षसमेत रहेका लामालाई २०८१ भदौ १४ गते भएको बम विस्फोटमा १ बालिकाको मृत्यु र २ जना घाइते भएको घटनामा पाँचथरमा उजुरी परेको आधारमा पक्राउ गरिएको हो। सिआइबीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले काठमाडौंको कपनबाट पक्राउ गरी मंगलबार नै थप अनुसन्धानका लागि लामालाई पाँचथर पठाइएको जानकारी दिए।

उनका अनुसार लामालाई काठमाडौं जिल्लाको बूढानीलकण्ठ नगरपालिका-११ कपनस्थित घरबाट पक्राउ गरी आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पाँचथर पठाइएको हो। यसअघि लामा २०६८ सालमा बबरमहलस्थित नेपाल आयल निगमको गेटमा टाइम बम विष्फोट गराई मानबहादुर तामाङसहित ३ जनाको मृत्यु तथा सोम तामाङसमेत घाइते भएको कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दामा संलग्न रहेका थिए। सोही मुद्दामा जेल परेका लामा २०७६ मा प्रजातन्त्र दिवसमा जेलमुक्त भएका व्यक्ति हुन्। लामाले कुमार र विश्वक्रान्तिजस्ता छद्म नाम राखेको पाइएको छ।

काठमाडौं र ललितपुरबाट ५७ लाख बराबरको धनमाल चोरी

काठमाडौं र ललितपुरका विभिन्न स्थानबाट लाखौंको धनमाल चोरी भएको छ। केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सोमबार मात्रै काठमाडौंको तारकेश्वर नगरपालिका, काठमाडौं महानगरपालिका र ललितपुरको महालक्ष्मी नगरपालिकाका विभिन्न स्थानबाट सोमबार मात्रै सुनका विभिन्न गरगहना र नगदसमेत गरी करिब ५७ लाख बराबरको धनमाल चोरी भएको हो।

तारकेश्वर नगरपालिका-११ नेपालटारमा सुनिता बजगाईंको कोठाबाट २ लाख ९१ हजार, तारकेश्वर नगरपालिका-२ काभ्रेस्थलीमा जयराम अधिकारीको घरबाट ३ लाख ७७ हजार र काठमाडौं महानगर-१५ मा धर्मरत्न शाहीको कोठाबाट सुन तथा चाँदीका गरगहना र ल्याप्टप १ थान गरी करिब ७ लाख ४० हजार रुपैयाँ बराबरको चोरी भएको छ। प्रहरीका अनुसार ललितपुरको महालक्ष्मी नगरपालिका-१ भैरव टोलमा जानेन्द्रलाल कर्णको कोठाबाट ४ लाख ४ हजार र कृष्ण मन्दिर चोक नजिकै बाबुराम पाण्डेको कोठाबाट ३९ लाख ४७ हजार रुपैयाँ बराबरको धनमाल चोरी भएको छ। चोरीमा संलग्नको खोजी गर्नुका साथै सो सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

बाघ गणना सुरु, ११ सय अत्याधुनिक क्यामेराको प्रयोग

२५० प्राविधिक कर्मचारी देशभर खटिए, ३ करोड खर्च लाग्ने

■ सौर्य समाचार

काठमाडौं। प्रत्येक ४ वर्षमा गरिने बाघको गणना मंगलबार (पुस १ गते)देखि सुरु भएको छ। चितवनको सौराहामा आयोजित औपचारिक कार्यक्रममा उद्घाटन गरी बाघ गणना सुरु गरिएको हो। वन तथा वातावरण मन्त्रालयलअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व र वन तथा भूसंरक्षण विभागको समन्वयमा गरिने बाघ गणनामा राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्ववन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जिओलोजीकल सोसाइटी अफ लन्डन (जेडएसएल) नेपालको सहयोग रहेको छ। त्यस्तै गणनामा नेपाली सेना, मध्यवर्ती तथा सामुदायिक वन उपभोक्ता समितिलगायत सहयोगीका रूपमा परिचालित हुने गरेका छन्।

जम्मा २५० जना प्राविधिक कर्मचारी देशभर खटिएर साढे २ देखि ३ महिनाभित्र गणना सम्पन्न गर्ने योजना रहेको निकुञ्ज विभागले जनाएको छ। गणनामा १ हजार १०० अत्याधुनिक क्यामेराको प्रयोग गरिने र बाघको फोटो संकलन गरेर विश्लेषण गरी संख्या एकिन गरिने विभागका महानिर्देशक बुद्धिसागर पौडेलले जानकारी दिए। निकुञ्ज विभागका अनुसार गणनामा जनशक्ति परिचालन, मेमोरी कार्ड, टेन्ट, सिल्पिङ ब्यागलगायत लजिस्टिक सामानका लागि करिब ३ करोड खर्च लाग्ने बताइएको छ। त्यसैगरी, क्यामेरा भने यसअघिकै खरिद गरिएका सबै १ हजार १०० क्यामेरा प्रयोग गर्न लागिएको हो। जुन प्रतिक्यामेराको मूल्य करिब ३५ हजार रहेको छ।

बाघको सर्वेक्षण खासगरी हिउँदको समयमा गरिन्छ। किनभने यो चिसो समयमा बाघ सुक्खा ठाउँमा र झाडी नभएको खुला क्षेत्रमा बढी हिँडडुल गर्ने भएकाले क्यामेरामा ट्याप गर्न सहज हुने निकुञ्ज विभागका सूचना अधिकारी वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिए। उनका अनुसार गणनाका लागि सो क्षेत्रमा दुई वर्गकिलोमिटर क्षेत्रफलमा स्वचालित क्यामेरा राखिन्छ र उक्त क्यामेराले २४सै घण्टा जुनसुकै वस्तु चलायमान हुँदा स्वाचालित रूपमा तस्बिर लिएर रेकर्ड गर्छ।

नेपालमा बाघको संख्या लक्ष्यभन्दा धेरै वृद्धि

पाटे बाघ विश्वका १३ देशमा पाइन्छन्। यी मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा रुसको सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको संख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो। नेपालबाहेक भारत, चीन, भुटान, रुस, बंगलादेश, भियतनाम, म्यान्मा, मलेसिया, इन्डोनेसिया, थाइल्यान्ड र लाओसमा पाटेबाघ पाइन्छन्। उक्त सम्मेलनमा नेपालले सन् २००९ को गणनाअनुसार नेपालमा रहेका तत्कालीन बाघको संख्या १२१ लाई बढाएर दोब्बर पुऱ्याउने प्रतिबद्धता जनाएको थियो। हाल नेपालमा बाघको संख्या बढेर त्यसको झण्डै तेब्बर पुगेको छ।

नेपालमा बाघको संख्या लक्ष्यभन्दा धेरै वृद्धि भएसँगै यिनको व्यवस्थापन, मानव-बाघ द्वन्द्व, बासस्थानलगायत विविध चुनौतीसमेत देखिएका छन्। मध्यवर्ती क्षेत्रका स्थानीय घाँस दाउरा, निहुरो टिप्न र गाईभैंसी चराउन जाने क्रममा बाघको आक्रमणमा पर्ने गरेका छन्। त्यस्तै कतिपय अवस्थामा बाघको चोरीसिकारी हुने, स्थानीय जनताको आक्रोशको निशानामा पर्ने र ठूला तथा लामा पूर्वाधारमा वारपार गर्ने क्रममा बाघ मर्नेक्रम पनि बढेको छ।

वर्तमान अवस्थामा नेपालमा बाघको संख्याको आवश्यकताका बारेमा समेत बहस सुरु भएको छ। कतिपयले वातावरणीय क्षमताका हिसाबले नेपालमा बाघको संख्या बढी भएको तर्क गरेका छन् भने कतिपयले बाघको संख्याको 'धान्ने क्षमता' (क्यारिङ क्यापासिटी) र आहारा तथा बासस्थानको गुणस्तरका बारेमा समेत गहिरो अध्ययन हुनुपर्नेमा जोड दिएका छन्। नेपालमा बाघको संख्याको 'धान्ने क्षमता'का बारेमा हाल मन्त्रालयसँगको समन्वयमा एनटिएनसी, डब्लुडब्लुएफ र जेडएसएललगायत संस्थाले अध्ययन गरिरहेका छन्। एनटिएनसीका सदस्यसचिव डा नरेश सुवेदीले मुलुकको पर्यापर्यटनमा बाघको सबैभन्दा बढी महत्व रहेको उल्लेख गर्दै बाघको उचित व्यवस्थापनमा जोड दिए।

नेपालले २०६७ देखि बाघ दिवस मनाउँदै हरेक ४ वर्षमा राष्ट्रियस्तरमा बाघ गणनासमेत गर्दै आएको छ। नेपालमा बाघको संख्या सन् १९९५ मा ९८, सन् २००० मा १०९, सन् २००५ मा १२६, सन् २००९ मा १२१, सन् २०१३ मा १९८ र सन् २०१८ मा बढेर २३५ पुगेको थियो।

देशभरका खोरमा १८ समस्याग्रस्त बाघ

बाघको संख्यामा उल्लेख्य वृद्धि भएसँगै राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र आसपासका क्षेत्रमा समस्याग्रस्त बाघको समस्या पनि बढ्दो छ। खासगरी मानव बस्तीमा पसेका, मानव तथा घरपालुवा जनावरलाई आक्रमण गरेका र घाइते अवस्थामा भेटिएका बाघलाई उद्धार गरेर खोरमा राख्ने गरिएको छ। हाल मुलुकभर यस्ता समस्याग्रस्त बाघको संख्या १८ वटा छ। तीमध्ये ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा ५, चितवन राष्ट्रिय निकुञ्जमा ७, बर्दिया राष्ट्रिय निकुञ्जमा ४, बाँके र पर्सा राष्ट्रिय निकुञ्जमा १-१ बाघ खोरमा राखिएका छन्। यस्ता बाघको दैनिक आहारा, हेरचाह, उपचार र अन्य व्यवस्थापनमा बर्सेनि सरकारको ठूलो रकम खर्च हुँदै आएको छ।

सन् २०२५ पछिल्लो तथ्यांकअनुसार विश्वमा बाघको संख्या बढेर ५ हजार ३५७ पुगेको छ। त्यसमध्ये सबैभन्दा बढी भारतमा ३ हजार १६७, रुसमा ७५०, इन्डोनेसियामा ४००, नेपालमा ३५५, थाइल्यान्डमा १८९, भुटानमा १५१, मलेसियामा १५०, बंगलादेशमा १४६, म्यान्मामा २२, चीनमा २०, भियतनाममा ५ र लाओसमा २ वटा बाघ रहेका छन्।

भैरहवा पुगेका रुद्रकली र खगेन्द्रप्रसाद आज कतार जाँदै

चितवन। नेपाल सरकारले कतार सरकारलाई उपहारस्वरूप पठाउन लागेका २ वटा हात्ती मंगलबार भैरहवा पुगेका छन्। आज (बुधबार) गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल हुँदै ती हात्ती कतार लैजाने तयारी गरिएको छ।

चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोरमा जन्मिएका ७ वर्षकी रुद्रकली र ६ वर्षको खगेन्द्रप्रसाद मंगलबार बिहान ४ बजे भैरहवा पुगेका हुन्। निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार अहिले ती हात्तीलाई विमानस्थलको छेउमा रहेका खाली जग्गामा राखिएको छ। ती हात्तीलाई सोमबार सौराहाबाट बिदाइ गरिएको थियो। ती हात्ती राख्नका लागि बनाइएको खोरमा राखी ट्रकमा पठाइएको हो।

आज वन तथा वातावरण मन्त्रालयका सचिव एवं राष्ट्रिय निकुञ्ज विभागका उच्च अधिकारीहरूले भैरहवामा नै कतारी दूतावासलाई ती हात्ती हस्तान्तरण गर्नेछन्। हस्तान्तरण गरिएपछि कार्गो विमानमार्फत ती हात्तीलाई कतार पठाइनेछ। रुद्रकली पूजाकली र खगेन्द्र कोशीकलीको बच्चा हो। खगेन्द्र र रुद्रकलीको बाबु जंगली भाले हात्ती रोनाल्डो भएको उनले बताए। हात्ती प्रजनन केन्द्र खोरसोरमा रहेका पोथी हात्ती जंगली भाले हात्ती रोनाल्डो, ध्रुवे, गोविन्देजस्ता शक्तिशाली हात्तीसँगको सहवासमा गर्भवती हुने गर्दछन्। सरकारले हात्ती दिने निर्णय गरेपछि सबै प्रक्रिया पूरा गरी पठाउन लागिएको हो।

यसअघि नेपालले विभिन्न देशलाई एकसिंगे गैंडा, हात्तीलगायत वन्यजन्तु उपहारस्वरूप प्रदान गर्दै आएको छ। २ देशबीचको सम्बन्ध प्रगाढ बनाउन र नेपालको जैविक विविधताको महत्व अन्तरराष्ट्रियस्तरमा परिचित गर्न वन्यजन्तु उपहार दिँइदै आइएको छ। पहिलोपटक नेपालले हात्ती उपहारस्वरुप अन्य देशमा पठाउन लागेको हो।

■ स्वास्थ्य सचिवको अनुरोध

मानसिक स्वास्थ्य समस्या होइन, खुलेर कुरा गरौं

■ सौर्य समाचार

काठमाडौं। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले मानसिक स्वास्थ्य समस्या कुनै कमजोरी होइन, यो शारीरिक रोगजस्तै उपचारयोग्य अवस्था रहेको बताएका छन्। सरकारले सञ्चालन गरिरहेको 'मानसिक स्वास्थ्य सचेतना अभियान'को सन्दर्भमा मंगलबार एक भिडियो सन्देश जारी गर्दै उनले पूर्णरूपमा स्वस्थ्य र आरोग्य जीवनका लागि शारीरिक स्वास्थ्यसँगै मानसिक स्वास्थ्य पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको बताए। मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिप्रति भेदभाव नगर्न र आफ्ना परिवारको मानसिक स्वास्थ्यको ख्याल गर्न उनले आग्रह गरेका छन्।

सचिव देवकोटाले भनेका छन्, 'यस अभियानलाई सफल बनाउन तीनै तहका सरकारलगायत सम्बन्धित सरोकारवाला निकाय सबैबाट सकृय सहभागिताको अत्यन्त आवश्यक छ। यो अभियानमा सबैले खुलेर कुरा गर्न, एक अर्कालाई सुन्न र सकृय सहभागिताकालागि आह्वान गर्दछु।' स्वास्थ्य मन्त्रालयले गत मंसिर २४ देखि आगामी फागुन ३० सम्म 'स्वास्थ्य मन, स्वास्थ्य जीवन-मनको कुरा गरौं' भन्ने नारासहित मानसिक स्वस्थ्य सचेतना अभियान सञ्चालन गरिरहेको छ। यस अभियानको उद्देश्य मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवासँग एकीकृत गर्दै सबै नागरिकको पहुँचमा यो सेवा पुऱ्याउनु र खुल्ला संवादको संस्कृतिलाई प्रोत्साहन गर्नु हो।

मन्त्रालयकाअनुसार नेपालमा आज पनि १० मध्ये १ जना कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट बाँचिरहेका छन् भने दैनिक सरदर १९ जनाले आत्महत्याका कारण ज्यान गुमाउने पर्ने अवस्था छ। तनाव वा पीडाको अवस्थामा मनका कुरा विश्वासिलो व्यक्ति परिवारजन र सहकर्मीसँग साट्न र आवश्यक परे स्वास्थ्यकर्मी वा चिकित्सकको सहयोग लिन कहिल्यै नहिच्किचाउन मन्त्रालयले अनुरोध गरेको छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०९/०२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: वीरगंज, पर्सा

१. ऋणीको विवरण
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वीरगंज पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०६८/०९/१९ मा दर्ता नं. २९४६२/०६/६९ (भारत आयात) कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ स्थित जय शिव ग्रुरुदेव सप्लायर्स प्रोप्राइटर: प्रमीला देवी
२. ऋणीको विवरण
राम चनु प्रसाद कलवारको नाति, ध्रुव प्रसाद कलवारको छोरा, पर्सा जिल्ला, वीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको संजय कुमार कलवार (ना.प्र.प.नं. ३४१०२२/१३०२८, पर्सा)
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. राम चनु प्रसाद कलवारको नाति, ध्रुव प्रसाद कलवारको छोरा, पर्सा जिल्ला, वीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको संजय कुमार कलवार (ना.प्र.प.नं. ३४१०२२/१३०२८, पर्सा)
२. राम चनु प्रसाद कलवारको नाति, ध्रुव प्रसाद कलवारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको संदीप कुमार कलवार (ना.प्र.प.नं. ३४-०१-७०-०१४३४, पर्सा)
३. राम चनु प्रसाद कलवारको नाति, ध्रुव प्रसाद कलवारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको विकाश कुमार कलवार (ना.प्र.प.नं. ३४-०१-७०-०१४३६, पर्सा)
४. राम चनु प्रसाद कलवारको नाति, ध्रुव प्रसाद कलवारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको प्रदिप कुमार गुप्ता (ना.प्र.प.नं. ३४-०१-७०-०१४३२, पर्सा)
५. राम चनु प्रसाद कलवारको नाति, ध्रुव प्रसाद कलवारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको दीपक कुमार गुप्ता (ना.प्र.प.नं. ३४-०१-७०-०१४३५, पर्सा)
६. राम चनु प्रसाद कलवारको बुहारी, ध्रुव प्रसाद कलवारको पत्नी, पर्सा जिल्ला, वीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको प्रमीला देवी (ना.प्र.प.नं. ७५२१, पर्सा)
७. शिव प्रसाद कलवारको नाति, राम चनु प्रसाद कलवारको छोरा, बारा जिल्ला, कलैया गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको ध्रुव प्रसाद कलवार (ना.प्र.प.नं. ३३३०५५/१२५६, बारा)
नोट: माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।
३. ऋणीको विवरण
ब्रहमदेव दास थारुको नाति, नगेन्द्र दास थारुको छोरा, पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स.वडा नं. २ स्थित स्थायी ठेगाना भएको चन्देश्वर प्रसाद दास थारु (ना.प्र.प.नं.८११६२९३७,पर्सा)
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. फिरंगी दास थारुको नाति, ब्रहमदेव दास थारुको छोरा, पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स. वडा नं. २ स्थित स्थायी ठेगाना भएको नगेन्द्र दास थारु (ना.प्र.प.नं. ८११६००६०, पर्सा)
२. ब्रहमदेव दास थारुको नाति, नगेन्द्र दास थारुको छोरा, पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको लाल बहादुर दास (ना.प्र.प.नं. ११७२२५०४, पर्सा)
३. नगेन्द्र दास थारुको बुहारी, चन्देश्वर प्रसाद दास थारुको पत्नी, पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको रामकान्ती देवी (ना.प्र.प.नं. ३४१०६९/४२२, पर्सा)
४. ब्रहमदेव दास थारुको बुहारी, नगेन्द्र दास थारुको पत्नी, पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको शारदा देवी थरुइन (ना.प्र.प.नं. ८११६७०६१, पर्सा)

शाखा कार्यालय: थानकोट, काठमाण्डौ

ऋणीको विवरण
बिष्णु दानीको बुहारी, नमराज दानीको पत्नी, काठमाण्डौ जिल्ला, दहचोक गा.वि.स./उ.म.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको तारा कार्की (दानी) (ना.प्र.प.नं. २७४७०० ९/१०२७९, काठमाण्डौ)
व्यक्तिगत जमानतकर्ताको विवरण
छेत्र बहादुर दानीको नाति, बिष्णु दानीको छोरा, काठमाण्डौ जिल्ला, दहचोक गा.वि.स. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको नमराज दानी (ना.प्र.प.नं. १९८३६, काठमाण्डौ)

Bhotekoshi Rural Municipality
Office of the Rural Municipal Executive
Fulpingkatti, Sindhupalchok

Intention to Award

Date of Publication: 2082/09/02

Pursuant to Clause 27(2) of Public Procurement Act 2063, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and 'Sourya National Daily dated 2082/08/11'.

S. N.	Contract No	Name of Work	Name and Address of Bidder	Bid Price (Including VAT & PS)
1	BRM/W/GOODS/ SQ/082/083-01	Supply and delivery of Stationary and other goods	A.N.S. Enterprises Pvt.Ltd., Kathmandu	NRs. 9,97,744.8

Chief Administrative Officer

Barahapokhari Rural Municipality
Office Of The Rural Municipal Executive
Baghkhor Bhanjyang, Khotang
Koshi Province, Nepal

NOTICE FOR LETTER OF INTENT (LOI)

Date of Publication: 2082/09/02 (A.D. 2025/12/17)

1.This is notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per provision stipulated in public procurement Act 2063, Clause 27, Sub-clause (2) and (3) Clause 47.

S.N	Contract ID:	Name of the Project	Lowest Evaluated Substantially Responsive Bidder	Bid Amount (Inclusive VAT & PS.)
1	BPRM-KHOTANG-NCB-WORKS-RT-07-2082/083	Construction of River Training Works and Related Structures at Serakhet, Barahapokhari R.M-05, Khotang	M/S Basnet- Nitesh JV, Khotehang-7, Khotang	NRs. 1,91,07,244.75

Chief Administrative Officer